# ९. प्रश्नको माग के हो ? कसरी बुझ्ने ?

लोकसेवा आयोगद्वारा सोधिने विषयगत प्रश्नहरुमा प्रयुक्त हुने शव्दावली र तिनको अर्थ

| प्रश्नमा नेपालीमा प्रयुक्त हुने शव्दावली | Question In English | नेपाली शव्दार्थ र व्याख्या |
|---|---|---|
| अर्थ लेख्नुहोस्/अर्थ उल्लेख गर्नुहोस् | Define | दिइएको विषयको शाब्दिक र भावपरक दुवै अर्थ दिने कार्य |
| उत्तर दिनुहोस् | Give Answer | - प्रश्नले मागेको सिधा सिधा उत्तर दिने कार्य<br>- विषयवस्तुको पेरिफेरीमा रहेर जवाफ दिने । |
| उल्लेख गर्नुहोस्/लेख्नुहोस्/बताउनुहोस् | Write/Write Down/State/Mention | - लेख्ने वा कुनै कुरा, विचार आदि लेखको रुपमा ल्याउने क्रिया<br>- प्रश्नले मागेको सिधा जवाफ दिने,<br>- जस्तो सुशासनका अवधारणाबारे उल्लेख गर्नुहोस् । |
| इंगीत गर्नुहोस् | Point it | - कुनै कुरा देखाउने कार्य, |
| उजागर गर्नुहोस् | Expose | - रहस्योद्घाटन गर्ने, छर्लङ्ग पार्ने कार्य, |
| के बुझ्नुहुन्छ ?/के बुझिन्छ ?/के बुझाउँछ ? के हो ? | What do you understand/What do you mean | - आफ्नो बुझाई प्रस्तुत गर्ने कार्य,<br>- आफ्नो धारणा प्रस्तुत गर्ने कार्य |
| खण्डन गर्नुहोस् | Criticize | - अर्काको मत, सिद्धान्त वा कुरालाई काट्ने वा प्रतिवाद गर्ने काम, कुनै बुंदाका विरुद्धमा गरिने आलोचना,<br>- जस्तो संसदीय पद्धतीमा रहेका कमजोर पक्षहरु औंल्याई खण्डन गर्नुहोस् । |
| चर्चा गर्नुहोस् | Discuss | - दिइएको विषयको बारेमा जानकारी प्रस्तुत गर्ने कार्य<br>- जस्तो: बैदेशिक रोजगारीले नेपालमा पुर्‍याएको योगदानको चर्चा गर्नुहोस ।<br>- विवेचना गर्नुहोस् भन्दा पनि Discuss शव्द प्रयोग गर्ने गरिएको । |
| चुनौती र समाधान | Challenges and Solution | - कुनै कार्य गर्ने क्रममा आई पर्न सक्ने कठिनाई/बाधा व्यवधानहरु र<br>- ती कठिनाइंलाई समाधान गर्ने कार्य । |
| छनौट गर्नुहोस | Choose | - राम्रो जति छानेर लेख्ने काम । |
| छलफल गर्नुहोस् | Discuss | - दुई वा दुईभन्दा बढी व्यक्तिहरु बसेर कुनै विषयमा विचारविमर्श गर्ने काम, सही कुरो पत्ता लगाउन र खास निर्णयमा पुग्न सम्वन्धित व्यक्तिहरु बसेर गरिने विचार बिमर्श, तर्क बितर्क,<br>- दिइएको विषयको गहिराईमा अन्तरनिहित विषयवस्तु र असल खराब बारे बातचित गर्ने काम, |

Career Counseling Center Pvt. Ltd. (2076/1...)

| | | |
|---|---|---|
| प्रष्ट पार्नुहोस्, प्रष्ट्याउनुहोस् / स्पष्ट गर्नुहोस् | Clear it/ Clarify/Describe | - कुनै कुरालाई स्पष्ट र छयाङ्ग बनाउने कार्य,<br>- विषयवस्तुलाई अझ बुझिने गरी सरल भाषामा छर्लङ्ग पार्ने काम, |
| प्रकाश पार्नुहोस् | Light up/ Define/Highlight | - लुकेर बसेको वा गोप्य रहेको कुरा प्रकट गर्ने क्रिया<br>- कुनै कुरा पुष्टी गर्ने कार्य, |
| प्रस्तुत गर्नुहोस् | Submit it | - कुनै कार्य विशेषका निम्ति तयार गरिएको,<br>- कुनै कुरा राख्ने वा लेख्ने वा देखाउने काम, |
| पत्ता लगाउनुहोस् | Find out | - कुनै कुराको बारेमा थाहा पाउनु, |
| परिचय दिनुहोस् | Introduce | - परिचय दिने कार्य, |
| प्रभाव लेख्नुहोस् | Write effect | - कुनै विषयको अध्ययनबाट मानमा पर्ने गुण / असर<br>- सकारात्मक र नकारात्मक दुवै प्रभाव, |
| फाइदा बेफाइदा | Benefits of profits | - फाइदा / बेफाइदा प्रष्ट छुट्याउनु |
| विश्लेषण गर्नुहोस् | Analyze | - संलिष्ट भएको वा एउटैमा मिलेर रहेको कुरालाई अलग अलग छुट्याउने काम वा प्रक्रिया,<br>- कुनै वाक्य रचना आदि के कस्तो छ र त्यसमा के कस्ता तत्वहरु छन् आदि कुरालाई केलाउने प्रक्रिया ।<br>- कारण र प्रभाव सहित दिइएको विषयवस्तुमा रहेका आधारभूत पक्षहरुको पहिचान गरी उत्तर प्रस्तुत गर्नुपर्ने |
| विवेचना गर्नुहोस् | Explain | - राम्रो नराम्रो, सत्य असत्य आदि छुट्याउने वा पारख गर्ने काम, विवेचना / समिक्षा गर्ने,<br>- विवेचना गर्नुहोस भन्दा सबल दुर्बल पक्ष पहिचान गरी भविष्यमा के गर्नुपर्ला सुझाव दिनु राम्रो मानिन्छ । |
| विचार प्रस्तुत गर्नुहोस् | Submit idea | - आफ्नो धारणा राख्ने कार्य<br>- आफ्नो मौलिक विचार राख्नुपर्ने । |
| व्याख्या गर्नुहोस् | Explain | - कुनै घटना, दृष्य, आदिको खुलस्त वर्णन गर्नु,<br>- तथ्यपरक वर्णन ।यहां विचार र तर्कको मात्रा क्रम हुन्छ।<br>- दिइएको Statement ले भनेको कुरा सबैले बुझ्न सक्ने गरी सो विषयवस्तुलाई फैल्याउने, सरलीकरण गर्ने, |
| विस्तार गर्नुहोस् | Expand/Elaborate | - विस्तृत रुपमा दिइने विवरण,<br>- फैल्याउने, फिजाउने काम, |
| बयान / वर्णन गर्नुहोस् | Describe | - कुनै विषयको बारेमा राम्ररी थाहा हुने गरी प्रस्तुत गरिएको विवरण<br>- क्रमवद्ध रुपमा वा विस्तारपूर्वकको कथन, बेलिविस्तार, बखान |
| विशेषता लेख्नुहोस् | State | - कुनै विषयवस्तुलाई चिनाउने खास खास बुंदाहरु नै |

Career Counseling Pvt. Ltd 2076/11/29

| | | |
|---|---|---|
| | Characteristics/ Features | त्यसका विशेषता हुन् । |
| बुँदागत रुपमा उल्लेख गर्नुहोस् | Write in Points/Enlist | - दिइएको कुनै विषयमा बुँदागत प्रस्तुति गर्ने कार्य,<br>- जस्तो नेपालको संविधानका विशेषतालाई बुँदागत रुपमा प्रस्तुत गर्नुहोस् । |
| भन्नुहोस्, बताउनुहोस | Say/State/Mention | - कुनै विषयका सम्बन्धमा आफूलाई भएको जानकारी सिधा रुपमा दिने काम, |
| भनाई राख्नुहोस् | State your opinion | - भन्नाको तत्पर्य, कथन, मतलब<br>- आफ्ना कुरा राख्ने । |
| भिन्नता/फरक छुट्याउनुहोस् | Distinguished | - दिइएका दुई विषयहरुबीचका रहेका सैद्धान्तिक तथा व्यवहारिक पक्षका आधारमा फरक देखाउने कार्य |
| भन्नुहोस् | Say/State/Mention | - लेख्नुहोस् । उल्लेख गर्नुहोस् । |
| लेख्नुहोस् | Write | - सिधा उत्तर लेख्ने |
| समिक्षा गर्नुहोस् | Review | - कुनै विषयको बारेमा गुणदोष छुट्याई निष्पक्षता र गम्भीरतापूर्वक गरिने विवेचना,<br>- विवेचना गर्ने कार्य<br>- विवेचना गर्दा विद्यमान अवस्थामा नै जोड दिनु राम्रो मानिन्छ, |
| संग्रह गर्नुहोस् | Archive | - विभिन्न सामग्री खोजेर एकै स्थानमा ल्याउने कार्य, |
| संकलन गर्नुहोस् । | Compile | - विभिन्न सामग्री खोजेर एकै स्थानमा ल्याउने कार्य, |
| स्मरण गर्नुहोस् । | Remember | - पहिले भएको कुनै घटना, प्रसङ्ग आदिलाई पुन: ताजा गराउने,<br>- सम्झिने काम : अन्तरनिहित कुरालाई बाहिर देखाउने, ल्याउने कार्य, |
| समस्या र सुझाव | Problems and Suggestions | - नीतिगत, संस्थागत, व्यवहारिक समस्याहरु पहिचान गर्नु र तिनको समाधानका लागि उपाय सिफारिस गर्नु, |
| सुझाव दिनुहोस् | Suggest | - कुनै विषयमा सुझाव दिने कार्य<br>- जस्तो विद्युतीय शासनलाई प्रभावकारी बनाउन सुझाव दिनुहोस् । |
| कारण दिनुहोस् | Give Reason/Cause | - दिइएको Statement ले भनेको घटना वा नतिजा आउनुको कारण के थियो सो उल्लेख गर्ने, |
| WH Words प्रयुक्त हुने प्रश्नहरु | के, किन, कति, कस्तो, कसरी, कहाँ, कहिले, केलाई आदि शब्दावलीहरु (WH words)<br>(यी शब्द प्रयुक्त भएको प्रश्नले माग गरेको विषय स्पष्ट नै हुने भएकोले यहाँ थप उल्लेख नगरिएको) | |
| महत्व/आवश्यकता/औचित्य | Importance/ Rationality | - सो तत्व वा विषय वा क्षेत्रको महत्व दर्शाउने कार्य,<br>- के-के कारणले गर्दा सो को आवश्यकता परेको हो ? |

| | | |
|---|---|---|
| | | - त्यस विषयले सम्बन्धित क्षेत्रलाई के योगदान भएको छ ? |
| उद्देश्य लेख्नुहोस् | Give Objective | - अभिलेखित Documented वा अवधारणागत उद्देश्य पहिचान गरी दिने कार्य |
| सिद्धान्त उल्लेख गर्नुहोस् | Write down objectives | - Documented Objective र Conceptual Objective दुई मध्ये प्रश्नानुसार उल्लेख गर्नुपर्ने । |
| भूमिका | Role | - कुनै तत्व वा विषयको अन्य कुनै क्षेत्रमा रहेको योगदानको आधारमा निर्धारण गरिने भूमिका<br>- जस्तो सुशासनका लागि पारदर्शिताको भूमिका |

Career Coun...